आज मिति २०७७जेठ१६ गतेमाननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूकोसंयोजकत्वमा बसेको "नोभल कोरोना रोगरोकथाम तथा नियन्त्रण उच्चस्तरीयसमन्वय समिति"को २७ औं वैठकमा देहाय बमोजिम निर्णय गरियो;

१. आजको बैठकमा मुलुकमा हाल संक्रमण देखिएको नोभल कोरोना रोगको रोकथाम नियन्त्रण तथा उपचार व्यवस्था तथा क्वारेन्टिन, आइसोलेसन कक्षको व्यवस्थापनको अवस्थाबारे समिक्षा भयो ।उक्त कार्यहरू अझ प्रभावकारी एवं सघन रुपमा सञ्चालन गर्न सम्बद्ध मन्त्रालय तथा निकायहरूलाई निर्देशन गरियो ।

२. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७ जेठ १२ गतेको बैठकबाट स्वीकृत "कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७" को कार्यान्वयनका लागि तयार पारिएको "नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी कार्ययोजना, २०७७" लाई परिमार्जन सहित स्वीकृत गरियो ।

३. नेपालबाट हवाई उडान चार्टरगरी जाने विषयमा निम्नानुसार गर्ने निर्णय गरियो ।

(क) नेपाल वायुसेवा निगमको चार्टर उडानबाट ३७६ जना नेपाली नागरिकहरू सहितजापानको ओसाका प्रस्थान गर्ने, सोहि निगमको चार्टर उडानबाट १००९ जना नेपाली नागरिक सहित जापानको नारिता प्रस्थान गर्ने,सोहि निगमको चार्टर उडानबाट ४३१ जना नेपाली नागरिक सहित हङ्कङ्ग प्रस्थान गर्ने,सोहि निगमको चार्टर उडानबाट २७९ जना नेपाली नागरिक सहित हङ्कङ्ग प्रस्थान गर्नेर टर्की एयरको चार्टर उडानबाट अमेरिकी नागरिक, स्थायी बसोबास अनुमति प्राप्त ब्यक्तिहरू सहित अमेरिकाको सिकागो प्रस्थान गर्ने हवाईउडानहरूलाई स्वीकृति प्रदान गर्ने ।

(ख) विदेशी नागरिक वा विदेशमा स्थायी बसोबास अनुमतिप्राप्त नेपालीहरूले नेपालबाट उक्त मुलुकतर्फ फिर्ता जानैपर्ने अवस्थाभई हवाईउडानको चार्टरका लागिउडान अनुमति माग भई आउने विषयलाई अब उप्रान्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले परराष्ट्र मन्त्रालय मार्फत सम्बद्ध मुलुकको आधिकारीक निकायसँग औपचारीक रुपमा जानकारी प्राप्त गरी चार्टर हवाई उडान गरी जाने व्यक्तिहरूको प्रवेश अनुमति प्राप्त भएको सुनिश्चितताका आधारमाचार्टर हवाईउडान अनुमति दिने व्यवस्था मिलाउने।

सचिव

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री